अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८३।०७।२७ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

आदर्श निकेतन आधारभूत विद्यालय, ग्रामथान गाउँपालिका, वडा नं. ५, मोरङमा निम्न माध्यमिक तहको राहत अनुदान कोटामा अध्यापन शिक्षक सुरेन्द्र कुमार विश्वास थारुले भारतीय सर्टिफिकेट पेस गरी नियुक्ति लिएको भन्नेसमेत बेहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज सुरेन्द्र कुमार विश्वास भन्ने सुरेन्द्र कुमार विश्वास थारुले जिल्ला मोरङ, ग्रामथान गाउँपालिका, वडा नं. ५ स्थित श्री आदर्श निकेतन आधारभूत विद्यालयमा निम्न माध्यमिक तह गणित (राहत) शिक्षक पदमा मिति २०६३/०३/१५ गतेदेखि नियुक्ति पाउनको लागि BIHAR SCHOOL EXAMINATION BOARD, भारतबाट जारी गरिएको भनिएको I.Sc. (Intermediate Level) तहको झुट्टा/नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरी राष्ट्रसेवकको ओहदा प्राप्त गरेको देखिएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने